तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.: ५३१
मितिः

मिति : २०८२।०८।०२

ने.सं.: ११४६ कछलागा त्रयोदशी

**विषयः– प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०८२।०८।०२)

तुलसीपुर उपमहानगरपालिकाको आ.व.२०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र हिन्सा प्रभावित महिला तथा बालिकाहरुका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनका लागि योग्यता पुगेका ईच्छुक गैर नाफामूलक संघ संस्थाले निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) राष्ट्रिय वा स्थानीय पत्रिकामा वा यस कार्यालयको वेव साईट www.tuslipurmun.gov.np मा प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्रौ (१५ औं) दिनको दिउँसो १२.०० वजे (मिति २०८२।०८।१६) भित्र यस कार्यालयको महिला बालबालिका तथा सामाजिक विकास शाखामा शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ र उक्त प्रस्ताव सोहि दिन दिउँसो २.०० वजे पछि खोलिनेछ।

२) शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोली पल्ट कार्यालय खुलेको दिनमा दरभाउपत्र पेश गर्न सकिनेछ ।

३) सम्बन्धीत गैर नाफामूलक संघ संस्थाको आ.व.२०८२।०८३ सम्मको लागि दर्ता नविकरण गरिएको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

४) सम्बन्धीत विषय क्षेत्रमा काम गर्ने दर्ता प्रमाणपत्र वा संस्थाको दर्ता प्रमाण पत्र तथा मु.अ.कर वा प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्र कागजातहरुका प्रतिलिपिहरु संलग्न राखी शिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ ।

५) शिलबन्दी दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खाम बाहिर पेश गर्ने संघ संस्थाको नाम, कामको विवरण, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

६) पेश गरेको प्रस्तावमा वजेटमा केरमेट नगरी अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

७) प्रस्तावको प्रत्येक पेजमा आधिकारीक व्यक्तिको दस्तखत र संस्थाको छाप अनिवार्य हुनु पर्नेछ ।

८) संस्थाको तर्फबाट कुनै शर्त राखी पेश गरेको प्रस्तावलाई मान्यता दिइने छैन, साथै म्याद नाघी र रित नपुगी पेश भएको प्रस्ताव उपर कुनै कार्यवाही हुने छैन ।

९) पेश भएका प्रस्ताव पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६'क' अनुसार प्रस्ताव पेश गर्ने संघ संस्था तुलसीपुर उपमहानगरपालिकामा आ व २०८२।०८३ का लागि सुचिकृत भएको हुनु पर्नेछ र पेश गर्ने प्रस्ताव सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९९ मा उल्लेख भएको गैर सरकारी सस्थाबाट काम गराउने व्यवस्था अनुसार हुनेछ ।

११) प्रस्ताव पेश गर्ने सस्था विषयसग अनुभवि हुनुपर्नेछ ।

१२) उक्त सेवाकेन्द्र सञ्चालनमा लागत साझेदारी गर्ने गैर नाफामूलक सस्थाले न्यूनतम १० प्रतिशत साझेदारी गर्नुपर्नेछ र सो भन्दा बढी योगदान दिने सस्थालाई प्राथमिकतामा राखीनेछ ।

१३) प्रस्ताव पेश गर्दा कार्यक्रमको नम्स प्रदेश सरकारको र स्थानीय सरकारको पालना गर्नुपर्नेछ ।

१४) उक्त सेवाकेन्द्र सञ्चालनका लागि तुलसीपुर उपमहानगरपालिकाको हिसा प्रभावित महिला तथा बालिकाहरुका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवाकेन्द्र सञ्चालन कार्यविधि २०७६ को परिच्छेद ३ दफा ८ मा उल्लेख भएको न्यूनतम मापदण्ड र दफा ९ मा व्यवस्था भएको खर्चका मानकहरुको अधिनमा रहि प्रस्ताव पेश गर्नु पर्नेछ।

१५) सस्थाले आफु गैर नाफामूलक भएको प्रमाण पेश गर्नु पर्नेछ ।

१६) प्रस्ताव पेश गर्दा कबोल रकमको ५ प्रतिशत नगद ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१७) सस्थाको कार्य सम्पादन मूल्याङ्कन गरि आर्थिक वर्षको अन्तिममा समयावधि थप गर्न सकिनेछ ।

१८)अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१९) प्रस्ताव पेश गर्न महिला बालबालिका तथा सामाजिक विकास शाखाबाट दरभाउ पत्र फाराम निःशुल्क प्राप्त गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अ...

Address: Tulsipur Sub-Metropolitan City
:082-520233, 520283, 520305, 520582
tulsipursubmun2073@gmail.com, mayor.tulsipur@gmail.com www.tulsipurmun.gov.np

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.: मितिः

प्रभावित महिला तथा बालिकाहरुका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनका लागि

## शिलवन्दी दरभाउपत्र

| क.स | कामको विवरण | ईकाइ | परिमाण | दर | जम्मा रु | सस्थाको जिम्मेवारी | कार्यालयको जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| क | कर्मचारी व्यवस्थापन | | | | | | |
| ख | घरभाडा व्यवस्थापन | | | | | | |
| ग | कोठा व्यवस्थापन | | | | | | |
| घ | भान्सा व्यवस्थापन | | | | | | |
| ङ | गृह अनुगमन | | | | | | |
| च | मनोविमर्श सेवा | | | | | | |
| छ | पारिवारीक पुनर्मिलन लगायतका लागि आवश्यक यातायात खर्च | | | | | | |
| ज | खाद्यान्न लगायतको व्यवस्थान | | | | | | |
| झ | विविध वाईफाई पानी सञ्चार विजुली बत्ती लगायत | | | | | | |
| | जम्मा | | | | | | |

अक्षेरेपी जम्मा रु

नि. प्रमुख प्रशासकीय अ...

Address: Tulsipur Sub-Metropolitan City
:082-520233, 520283, 520305, 520582
tulsipursubmun2073@gmail.com, mayor.tulsipur@gmail.com www.tulsipurmun.gov.np

CS Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.:
मितिः

## सेवा प्रदायक सस्थाबाट प्राप्त प्रस्तावको मूल्याङ्कनका आधारहरु

| क स | मूल्याङ्कनका आधारहरु | परिक्षण गर्ने कागजातहरु | कूल अङ्क |
|---|---|---|---|
| १ | सस्थाको प्रोफाईल | सस्था दर्ता भएको मिति, सस्थाले सञ्चालन गरेका कार्यक्रमहरुको विवरण, सस्थाको आवद्दता, सस्थाको साधारण सदस्यहरुको सख्या | १० |
| २ | सस्थाको खास कामको अनुभव | सस्थाले सम्पादन गरेका कार्यहरु झल्किने प्रतिवेदनहरु वा प्रमाणहरु | ४० |
| ३ | मुख्यमुख्य जनशक्तिको योग्यता र अनुभव | जनशक्तिको व्यक्तिगत विवरण शैक्षिक तथा कार्य अनुभवको प्रमाण पत्रहरु | २० |
| ४ | सेवाकेन्द्र सञ्चालनमा सस्थाले वेहोर्ने आर्थिक जिम्मेवारी | आर्थिक प्रस्तावनामा कबोल भए अनुसार हुने | २० |
| ५ | कार्य सम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता | प्रस्तावमा उल्लेख भएका विषयहरु | १० |
| | कूल जम्मा | | १०० |

नि. प्रमुख प्रशासकीय अधिकृत

Address: Tulsipur Sub-Metropolitan City
:082-520233, 520283, 520305, 520582
tulsipursubmun2073@gmail.com, mayor.tulsipur@gmail.com www.tulsipurmun.gov.np

Scanned with CamScanner